# शहीद आदर्श क्याम्पस

मोलुङ–२,रामपुर, ओखलढुङ्गा

# Shahid Adrash Campus

**Molung-2, Rampur, Okhaldhunga**

**Estd. 2059**

Shahid Adarsh Campus
Affiliated to Tribhuvan University
Estd. 2059
Molung-2, Rampur, Okhaldhunga

| Report Publication Date |
|---|
| 2081/07/23 |

| Campus Established Date |
|---|
| 2059/03/30 |

## वार्षिक प्रगति प्रतिवेदन २०८०/२०८१

## Annual Progress Report 2080/2081

कुनै पनि संस्थाको विकासको लागि योजना तर्जुमा गर्नु महत्वपूर्ण विषय हो योजना अनुसन्धान र विकास अनुसन्धानमा आधारित हुन्छ । योजनाले मानवीय र भौतिक स्रोत साधनको व्यवस्थित परिचालनवाट योजनावद्ध, क्रमवद्ध र निरन्तर विकासमा विश्वास गर्दछ । वर्तमान अवस्थाको सवै पक्षको सक्षम र कमजोर पक्षहरुको व्यापक अध्ययन गरी त्यसैका आधारमा संस्थागत विकासका लागि परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य, मानवीय स्रोतको बाँडफाँड जिम्मेवारी विभाजन तथा समय सिमा निर्धारण गरी तर्कवद्ध र विवेकपूर्ण शैलीमा प्रस्तुतीकरण गर्नका लागि यो प्रतिवेदन तयार पारिएको हो । यो प्रतिवेदनले संस्थागत समृद्धिका लागि सामुहिक अन्तर्क्रियात्मक, सहभागितामुलक र तर्कबद्ध प्रयासको प्रतिफल हो । सरोकारवालाहरुको सहभागितामा योजनाहरु तर्जुमा गरिन्छ र यसको कार्यान्वयनमा पनि उनीहरुको महत्वपूर्ण भुमिका हुन्छ । त्यसैले यसमा स्टेकहोल्डर्सको अपनत्व र स्वामित्व भाव रहेको हुन्छ । यो प्रतिवेदनले संस्थाको वर्तमान अवस्था के छ ? भविष्य कस्तो वनाउने? लक्ष्य सम्म पुग्न अवश्यक पर्ने स्रोत साधान तथा उपायहरु के के हुन ? कति समय सम्म कुन लक्ष्य प्राप्त गर्ने ? त्यसको लागि कसको जिम्मेवारी के हुने भन्ने कुराहरुको निर्धारण गर्दछ । यस शहीद आदर्श क्याम्पस रामपुर, ओखलढुंगाको विकासलाई मुल ध्येय वनाएर, यिनै विषय वस्तुलाई व्यवस्थित रुपमा प्रस्तुत गर्न यो प्रतिवेदन बनाइएको हो ।

यो वार्षिक प्रतिवेदन तयार गर्न श्री डुलहरी दाहालको संयोजकत्वमा तपशिलमा उल्लेखित ७ सदस्यीय समितिलाई जिम्मेवारी दिइयो र क्याम्पसको वार्षिक प्रगति प्रतिवेदन २०८० तयार गरियो ।

तपशिल :

संयोजक : राजन प्रसाद दाहाल

सदस्य : डुलहरी दाहाल

सदस्य : पेशल कुमार खतिवडा

सदस्य : विजय कुमार उपाध्याय

सदस्य : नारायण प्रसाद दाहाल

सदस्य : शिव प्रसाद नेपाल

Shahid Adarsh Campus, Affiliated to Tribhuvan University, Estd. 2039, Molung-2, Rampur, Okhaldhunga

Campus Chief

# विषयसूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | क्याम्पसको संक्षिप्त परिचय | १ |
| २. | शहीद आदर्श क्याम्पस रामपुरको संचालक समितिको संरचना | १ |
| ३. | क्याम्पस संचालक समितिका पदाधिकारीहरुको नामावली | २ |
| ४. | शैक्षिक अवस्था | ३ |
| ४.१. | छनौट गरिएका मेजर विषयहरु | ३ |
| ४.२. | छनौट गरिएका माइनर विषयहरु | ३ |
| ४.३. | ०७९/०८० भर्ना विवरण | ४ |
| ४.४. | ०८०/०८१ भर्ना विवरण | ४ |
| ४.५. | ०८१/०८२ भर्ना विवरण | ४ |
| ४.६. | ०७८-०८० सालमा परीक्षामा सम्मिलित विद्यार्थी विवरण | ५ |
| ५. | शिक्षक तथा कर्मचारी विवरण | ५ |
| ६. | गुणस्तरीय शिक्षण सिकाईको लागि गरिएका व्यवस्थाहरु | ६ |
| ७.. | समितिहरुको विवरण | ६ |
| ८. | पाठ्यक्र व्यवस्थापन | ६ |
| ९. | पुस्तकालयमा पुस्तक व्यवस्थापन | ६ |
| १०. | परीक्षा प्रणाली | ६ |
| ११. | संघ/संगठनहरु | ७ |
| १२. | भौतिक अवस्था | ७ |
| १२.१. | जिन्सी सामग्री विवरण | ७-८ |
| १३. | प्रशासनिक संरचना | ९ |
| १४. | आर्थिक पक्ष | ९ |
| १४.१ | शुल्क संरचना | १० |
| १४.२. | आम्दानीका स्रोतहरु | १० |
| १४.३. | ०८१/०८२ अनुमानित आय व्याय विवरण | ११ |
| १४.४. | आ.व. ०७७/०७० देखी ०८०/०८१ सम्मको आय व्याय विवरण | १२-१८ |
| १५ | विद्यार्थी कल्याण कार्यक्रम | १९ |
| १६. | संस्थाको सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, चुनौती र सम्भावनाहरु | १९-२० |
| १७. | भावी योजनाहरु | २० |



Shahid Adarsh Campus
Affiliated to Tribhuvan University
Estd. 2059
Molung-2,Rampur,Okhaldhunga

Campus Chie

## १.क्याम्पसको संक्षिप्त परिचय(Brief Introduction of the campus)

ओखलढुङ्गा जिल्लाको सदरमुकाम ओखलढुङ्गाबाट लगभग १६ कि.मि. पश्चिम हाल मोलुङ्ग गाउँपालिका २ रामपुर (साविक वरुणेश्वर ३ रामपुर ) मा सञ्चालित शहीद आदर्श क्याम्पस रामपुर त्रिभुवन विश्वविद्यालयबाट २०५९ सालमा सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस हो । २०५० सालमा स्थापना भएको **श्री शहीद उच्च मा. वि.** लाई **श्री बरुणेश्वर उ.मा.वि.मा** नाममा परिवर्तन गरी देशमा प्रजातन्त्र स्थापनाका लागि यस भेगका धेरै सपूतहरुले शहादत प्राप्त गरेका हुँदा उनीहरुको सम्झनाका लागि यस क्याम्पसको नाम शहीद आदर्श क्याम्पस रामपुर राखिएको हो । त्रि.वि.वि. वाट सम्वन्धन प्राप्त जिल्लाकै सवै भन्दा पहिलो शिक्षाशास्त्र संकाय अन्तरगतको स्नातक तहको पढाई हुने शैक्षिक संस्थाको रुपमा यस क्याम्पसलाई चिनिन्छ । शहीदहरुको मर्म र भावनालाई आत्मसात गर्दै यस भेगका अभिभावहरुले ठूलो धनराशी खर्च गरी आफ्ना छोरा छोरीलाई उच्च शिक्षा आर्जनका लागि बाहिर पठाउनु नपरोस भनी यस क्याम्पसको स्थापना गरिएको हो । यस क्याम्पसमा शिक्षा शास्त्र संकाय अन्तरगत मूल विषयका रुपमा अंग्रेजी, नेपाली, गणित, जनसंख्या शिक्षा र स्वास्थ्य तथा शारिरीक विषयहरुको पठन पाठन गरिन्छ ।

स्थापना कालदेखि नै विभिन्न आरोह-अवरोह पार गर्दै विभिन्न घटनाक्रमको साक्षी भएर आजको अवस्थामा आईपुगेको छ । यस क्याम्पसले सुरुका दिनदेखि नै जिल्लाको उच्च शैक्षिक संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका छ । भौगोलिक अवस्थिति, आर्थिक, सामाजिक र वातावरणीय विशिष्टता र Catchment Area लाई हेर्दा यस क्याम्पसको भविष्य सुन्दर र फराकिलो नै देखिन्छ ।यसक्याम्पसले विभिन्न सामाजिक परिवेशवाट आएका छात्रछात्राहरुलाई निरन्तर रुपमा गुणस्तरिय उच्च शिक्षा प्रदान गरिरहेको छ भन्ने कुरालाई नकार्न सकिन्न। वढ्दो शैक्षिक आवश्यकता र स्थानिय स्तरको चाहाना अनुसार आगामी वर्षहरुमा शिक्षाशास्त्र संकाय तर्फ स्नातकोत्तर तहका कक्षा संच्चालन गर्ने लक्ष्य रहेको छ ।

## २. शहीद आदर्श क्याम्पस रामपुरको संचालक समितिको संरचना :

क्याम्पस संचालक समितिको संरचना निम्नानुसार रहेको छ :

क्याम्पस र्सचालक समिति २३ सदस्य हुनेछ ।

क. क्याम्पस सभा वाट निर्वाचित अध्यक्ष १ जना

ख. क्याम्पस सभा वाट निर्वाचित उपाध्यक्ष १ जना

ग. क्याम्पस सभा वाट निर्वाचित सदस्यहरु ९ जना

घ. पदेन सदस्यहरु

- १.निवर्तमान क्याम्पस अध्यक्ष १ जना
- २. संवन्धित गा.पा.को अध्यक्ष तथा उपाध्यक्ष २ जना
- ३. संवन्धित वडाको वडा अध्यक्ष १ जना
- ४. बरुणेश्वर मा.वि का वि.व्य.स. अध्यक्ष तथा प्र.अ. २ जना
- ५. क्याम्पस प्राध्यापक संघ इकाइ अध्यक्ष १ जना
- ६. त्रि.वि. प्रतिनिधि १ जना
- ७. स्व.वि.यू. अध्यक्ष १ जना
- ८.क्याम्पस प्रमुख (सदस्य सचिव) १ जना

ङ. मनोनित २ जना

Campus Chief

*Shahid Adarsh Campus* Affiliated to Tribhuvan University Molung-2,Rampur,Okhaldhunga Estd.2059

३. **क्याम्पस संञ्चालक समितिका पदाधिकारीहरुको नामावली**

यस क्याम्पसको नियमावली २०५८को (संशोधन २०७९) अनुसार मिति २०८०।०३।०४ गते गठन गरिएको क्याम्पस संचालक समितिका पदाधिकारीहरु तथा सदस्यहरुको नामावली निम्नानुसार रहेको छ :

१. श्री नन्दलाल गिरी → अध्यक्ष
२. श्री तोयानाथ काफ्ले → उपाध्यक्ष
३. श्री घनश्याम दाहाल → सदस्य
४. श्री नरेन्द्र खतिवडा → सदस्य
५. श्री हरी कुमार राई → सदस्य
६. श्री पंकज प्रसाद दाहाल → सदस्य
७. श्री मान बहादुर तामाङ → सदस्य
८. श्री छवी रमण धमला → सदस्य
९. श्री ठगेन्द्र दाहाल → सदस्य
१०. श्री लेखनाथ फुयाल → सदस्य
११. श्री दिप प्रसाद ढकाल → सदस्य
१२. श्री पुष्पराज दाहाल (निवर्तमान अध्यक्ष) → पदेन सदस्य
१३. श्री उत्तम राई (गा.पा. अध्यक्ष) → पदेन सदस्य
१४. श्री उर्मीला खतिवडा (गा.पा. उपाध्यक्ष) → पदेन सदस्य
१५. श्री दिपेन राई (का.वा. वडा अध्यक्ष २ नं. वडा → पदेन सदस्य
१६. श्री महेन्द्र वहादुर कार्की (अध्यक्ष श्री ब.मा.वि) → पदेन सदस्य
१७. श्री कुलप्रसाद खतिवडा (प्र.अ. श्री ब.मा.वि.) → पदेन सदस्य
१८. प्राध्यापक संघ इकाई अध्यक्ष → पदेन सदस्य
१९. त्रि.वि प्रतिनिधि → पदेन सदस्य
२०. श्री सुरेश वावु धमला (स्व.वि.यु. अध्यक्ष) → सुरेश वावु धमला
२१. श्री बुवाराम दाहाल → मनोनित सदस्य
२२. श्री टंक बहादुर कार्की → मनोनित सदस्य
२३. श्री राजन प्रसाद दाहाल → सदस्य सचिव

Campus Chief

*Shahid Adarsh Campus* Affiliated to Tribhuvan University Molung-2, Rampur, Okh... 2059

## ४. शैक्षिक अवस्था

कुनैपनि शैक्षिक संस्थाको मुख्य कार्यक्षेत्र भनेको नै शैक्षिक क्षेत्र हो । यस क्षेत्र अर्न्तगत यस क्याम्पसमा शिक्षा शास्त्र संकाय अन्तरगत बि.एड्. का कक्षाहरु सञ्चालन हुँदै आएका छन् । २०५९ सालमा त्रि.वि.बाट सम्बन्धन प्राप्त जिल्लाकै पहिलो स्नातक तहको पठनपाठन गरिने क्याम्पसको नामले चिनिन्छ शहीद आदर्श क्याम्पस रामपुर, ओखलढुङ्गा । यस क्याम्पसमा मूल विषयको रुपमा ५ वटा विषयहरु छनौट गरिएको छ । ति निम्न अनुसार छन् :

### ४.१ छनौट गरिएका विषयहरु:

| क.स. | पढाईहुने मुल विषयहरु |
|---|---|
| १ | नेपाली शिक्षा |
| २ | अंग्रेजी शिक्षा |
| ३ | गणित शिक्षा |
| ४ | जनसंख्या शिक्षा |
| ५ | स्वास्थ्य तथा शारिरीक शिक्षा |

### ४.२ चार वर्षे वि.एड सुरु भए पश्चात मेजर र माइनर विषयहरु पठन पाठन गर्नु पर्ने भएको हुदाँ तपशिल वमोजिमका माइनर विषयहरु छनौट गरीएको छ ।

| क.स. | पढाईहुने माइनर विषयहरु |
|---|---|
| १ | जनसंख्या शिक्षा |
| २ | स्वास्थ्य शिक्षा |

क्याम्पस स्थापनाका सुरुका वर्षहरुमा विद्यार्थी भर्ना संख्या उल्लेखनीय भएतापनि पछिल्ला वर्षहरुमा यस क्याम्पसमा भर्ना हुने विद्यार्थीको संख्यामा कमी आएको छ । यस क्याम्पसमा आ.व. ०७९/०८०,०८०/०८१ र २०८१/२०८२ मा वि.एड् प्रथम, द्वितिय,तृतिय र चतुर्थ वर्षमा अध्ययन गर्ने विद्यार्थीहरु निम्नानुसार छन् ।

### ४.३. शै.स.२०७९/०८०मा भर्ना भएका विद्यार्थीहरुको विवरण निम्न अनुसार रहेका छन्।

| वर्ष | छात्रा | छात्र | जम्मा | प्रतिशत | | जनजाति | | दलित | | मधेसी | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| प्रथम वर्ष | ३६ | २३ | ५९ | ६१.०२ | ३८.९८ | १३ | ९ | २ | २ | ० | १ | २१ | ११ |
| दोस्रो | ३४ | २१ | ५५ | ६१.८२ | ३८.१८ | १६ | ८ | १ | २ | ० | ० | १७ | ११ |
| तेस्रो | ५८ | २४ | ८२ | ७०.७३ | २९.२७ | २४ | ५ | १ | २ | ० | ० | ३३ | १७ |
| चौथो | ४८ | २९ | ७७ | ६२.३४ | ३७.६६ | १९ | ८ | ० | ३ | ० | ० | २९ | १८ |
| जम्मा | १७६ | ९७ | २७३ | ६४.४७ | ३५.५३ | ७२ | ३० | ४ | ९ | ० | १ | १०० | ५७ |



Shahid Adarsh Campus Affiliated to Tribhuvan University Molung-2, Rampur, Okhaldhunga
Campus

यस क्याम्पसको शै.स २०७९/०८० मा अध्ययनरत विद्यार्थी संख्या हेर्दा प्रथम वर्षमा जम्मा विद्यार्थी संख्या ५९ मध्ये ३८.९८ प्रतिशत छात्र र ६१.०२ प्रतिशत छात्रा रहेका छन् । त्यसै गरी दोस्रो वर्षमा जम्मा विद्यार्थी संख्या ५५ मध्ये ३८.१८ प्रतिशत छात्र र ६१.८२ प्रतिशत छात्रा रहेका छन । त्यसै गरी तेस्रो वर्षमा जम्मा विद्यार्थी संख्या ८२ मध्ये २९.२७ प्रतिशत छात्र र ७०.७३ प्रतिशत छात्रा रहेका छन । साथै चौथो वर्षमा जम्मा विद्यार्थी संख्या ७७ मध्ये ३७.६६ प्रतिशत छात्र र ६२.३४ प्रतिशत छात्रा रहेका छने भने जम्मा विद्यार्थी २७३ मध्ये ३५.५३ प्रतिशत छात्र र ६४.४७ प्रतिशत छात्रा रहेका छन् । त्यसै गरी जनजाति, दलित, मधेसी र अन्य विद्यार्थी संख्या क्रमश १०२,१३,१ र १५७ रहेको छ ।

### ४.४. शै.स.२०८०/०८१ मा भर्ना भएका विद्यार्थीहरुको विवरण निम्न अनुसार रहेका छन्।

| वर्ष | छात्रा | छात्र | जम्मा | प्रतिशत | | जनजाति | | दलित | | मधेसी | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| प्रथम वर्ष | २२ | १३ | ३५ | ६२.८५ | ३७.१४ | १० | ३ | १ | ३ | ० | ० | ११ | ७ |
| दोस्रो | ६८ | ३८ | १०६ | ६४.१५ | ३५.८४ | १७ | १४ | ३ | ४ | १ | | ४७ | २० |
| तेस्रो | ४३ | १६ | ५९ | ७२.८८ | २७.११ | १७ | ४ | १ | ० | ० | ० | २५ | १२ |
| चौथो | ३७ | २५ | ६२ | ६०.११ | ४०.३२ | १२ | ५ | ३ | ० | ० | ० | २५ | १७ |
| जम्मा | १७० | ९२ | २६२ | २५९.९९ | १४०.४१ | ५६ | २६ | ८ | ७ | १ | ० | १०८ | ५६ |

यस क्याम्पसको शै.स २०८०/०८१ मा अध्ययनरत विद्यार्थी संख्या हेर्दा प्रथम वर्षमा जम्मा विद्यार्थी संख्या ३५ मध्ये ३७.१४ प्रतिशत छात्र र ६२.८५ प्रतिशत छात्रा रहेका छन् । त्यसै गरी दोस्रो वर्षमा जम्मा विद्यार्थी संख्या १०६ मध्ये ३५.८४ प्रतिशत छात्र र ६४.१५ प्रतिशत छात्रा रहेका छन । त्यसै गरी तेस्रो वर्षमा जम्मा विद्यार्थी संख्या ५९ मध्ये २७.११ प्रतिशत छात्र र ७२.८८ प्रतिशत छात्रा रहेका छन । साथै चौथो वर्षमा जम्मा विद्यार्थी संख्या ६२ मध्ये ६२ प्रतिशत छात्र र ६०.११ प्रतिशत छात्रा रहेका छने भने जम्मा विद्यार्थी २६२ मध्ये ३५.१० प्रतिशत छात्र र ६४.९९ प्रतिशत छात्रा रहेका छन् । वि.एड. दोस्रो वर्षमा पुरानो र नयाँ गरी जम्मा १०६ जना विद्यार्थीहरु अध्ययनरत छन्।

### ४.५. शै.स.२०८१/०८२ मा भर्ना भएका विद्यार्थीहरुको विवरण निम्न अनुसार रहेका छन्।

| वर्ष | छात्रा | छात्र | जम्मा | प्रतिशत | | जनजाति | | दलित | | मधेसी | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| प्रथम वर्ष | ४९ | ३९ | ८८ | ५५.६८ | ४४.३१ | ९ | ९ | ६ | ४ | ० | ० | ३४ | २६ |
| दोस्रो | ३९ | १५ | ५४ | ७२.२२ | २७.७७ | ५ | ५ | २ | २ | | | ३२ | ८ |
| तेस्रो | १४ | ९ | २३ | ६०.८६ | ३९.१३ | ६ | २ | १ | ० | | | ७ | ७ |
| चौथो | ३८ | १४ | ५२ | ७३.०७ | २६.९२ | १५ | ४ | १ | | | | २२ | १० |
| जम्मा | १४० | ७७ | २१७ | ६५.४६ | ३४.५३ | ३५ | २० | १० | ६ | ० | ० | ९५ | ५१ |

यस क्याम्पसको शै.स २०८१/०८२ मा अध्ययनरत विद्यार्थी संख्या हेर्दा प्रथम वर्षमा जम्मा विद्यार्थी संख्या ८८ मध्ये ४४.३१ प्रतिशत छात्र र ५५.६८ प्रतिशत छात्रा रहेका छन् । त्यसै गरी दोस्रो वर्षमा जम्मा विद्यार्थी संख्या ५४ मध्ये २७.७७ प्रतिशत छात्र र ७२.२२ प्रतिशत छात्रा रहेका छन । त्यसै गरी तेस्रो वर्षमा जम्मा विद्यार्थी संख्या २३ मध्ये ३९.१३ प्रतिशत छात्र र ६०.८६ प्रतिशत छात्रा रहेका छन । साथै चौथो वर्षमा जम्मा विद्यार्थी संख्या ५२ मध्ये २६.९२ प्रतिशत छात्र र ७३.०७ प्रतिशत छात्रा रहेका छने भने जम्मा विद्यार्थी २१७ मध्ये ३४.५३ प्रतिशत छात्र र ६५.४६ प्रतिशत छात्रा रहेका छन् ।

Shahid Adarsh Campus Affiliated to Tribhuvan University Estd.2059 Molung-2,Rampur,Okhaldhunga

Campus C

४.६.शहिद आदर्श क्याम्पस रामपुरमा २०७८, २०७९, २०८० सालमा वि.एड पहिलो, दोस्रो, तेस्रो र चौथो वर्षमा भर्ना भई परीक्षामा सम्मिलित विद्यार्थीहरुको सूची ।

| साल | वर्ष | जम्मा | केटा | केटी | जनजाती | | दलित | | मधेसि | | पास विद्यार्थी | पास % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | केटा | केटी | केटा | केटी | केटा | केटी | | | |
| २०७८ | प्रथम वर्ष | ९४ | २८ | ६६ | ८ | २६ | २ | १ | ० | ० | ३७ | ३९.३६ | |
| | दोस्रो | ७७ | ३० | ४७ | ८ | १७ | ३ | ० | ० | ० | ५० | ६४.९३ | |
| | तेस्रो | ५४ | २१ | ३३ | ५ | १५ | २ | ३ | २ | ० | ४३ | ७९.६२ | |
| | चौथो | ७२ | २३ | ४९ | ५ | १२ | १ | ३ | १ | ० | २७ | ३७.५ | |
| २०७९ | प्रथम | १०६ | ३८ | ६८ | १४ | १७ | ३ | ४ | १ | ० | ४७ | ४४.३३ | |
| | दोस्रो | ५९ | ४३ | १६ | ४ | १७ | ० | १ | ० | ० | ८ | १३.५५ | |
| | तेस्रो | ६२ | ३७ | २५ | ५ | १२ | ३ | ० | ० | ० | २९ | ४६.७७ | |
| | चौथो | ४९ | ३२ | १७ | ८ | १३ | ० | १ | ० | ० | | | |
| २०८० | प्रथम | ८८ | ३९ | ४९ | ९ | ९ | ४ | ६ | ० | ० | रिजल्ट नभएको | | |
| | दोस्रो | ५४ | १५ | ३९ | ५ | ५ | २ | २ | ० | ० | | | |
| | तेस्रो | २३ | ९ | १४ | २ | ६ | ० | १ | ० | ० | | | |
| | चौथो | ५२ | १४ | ३८ | ४ | १५ | | १ | ० | ० | | | |
| जम्मा | | २१७ | ७७ | १४० | २० | ३५ | ६ | १० | ० | ० | | | |

५. शैक्षिक गतिविधिलाई प्रतिस्पर्धी र गुणस्तरीय बनाउन एवं नियमित पठनपाठनलाई प्रभावकारी बनाउन कुनै पनि शैक्षिक संस्थाको शैक्षिक क्षेत्रको गरिमा र प्रभाव त्यहाँ कार्यरत शिक्षक तथा कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहने छ । यस क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विवरण तलको तालिकामा दिइएको छ ।

| क्र.सं. | नाम/थर | योग्यता | विषय |
|---|---|---|---|
| १. | श्री डुलहरी दाहाल | एम.एड. | अंग्रेजी |
| २ | श्री शिवप्रसाद नेपाल | वि.एड., एम.ए. | कल्चर |
| ३ | श्री राजनप्रसाद दाहाल | वि.एड.,एम.ए. | नेपाली |
| ४ | श्री ध्रुवराज खत्री | एम.ए., वि.एड. | गणित |
| ५ | श्री पेशलकुमार खतिवडा | एम.एड. | अंग्रेजी |
| ६ | श्री पोष्टराज पहाडी | एम.एड. | गणित |
| ७ | श्री कुलप्रसाद खतिवडा | एम.ए.,वि.एड. | राजनिति शास्त्र |
| ८ | श्री विजय कुमार उपाध्याय | एम.ए.,वि.एस्.सी. | जनसंख्या शिक्षा |
| ९ | श्री नारायणप्रसाद दाहाल | एम.एड. | स्वास्थ्य शारिरीक शिक्षा |
| १०. | श्री ठगीराज अधिकारी | एम.ए., वि.एड्, | अंग्रेजी |
| ११ | श्री सुरेन्द्र खड्का | एम.एड्. | विज्ञान |
| १२ | श्री चन्द्रकला रोका | एम.एड. | नेपाली |
| १३ | श्री थिरप्रसाद दाहाल | वि.एड्. | स्वास्थ्य तथा शारिरीक शिक्षा |
| १४ | श्री सुवास श्रेष्ठ | वि.एड्. | अंग्रेजी |
| १५ | श्री युवराज दाहाल | साधारण लेखपढ | |

Campus Chief

६. **गुणस्तरीय शिक्षण सिकाईको लागि गरिएका व्यवस्थाहरु**

प्रदेश नं. १ को दुर्गम पहाडि जिल्ला ओखलढुंगाको सदरमुकाम वाट १६ कि.मि. पश्चिम मोलुङ गा.पा. वार्ड नं. २, रामपुरमा संचालित यस शहिद आदर्श क्याम्पस रामपुरको भौतिक पुर्वाधार एंवम् आर्थिक व्यवस्थापनमा अनेक चुनौतिका विच क्याम्पसले गुणस्तरीय शिक्षण शिकाई क्रियाकलापका लागि निम्नानुसारको व्यवस्था गरेको छ।

१. ICT मा आधारित कक्षा कोठा
२. Multimedia Projector को प्रयोग
३. कम्प्युटर
४. लाइब्रेरी
५. पत्र पत्रीका
६. सर्न्दभ सामग्री
८.पर्याप्त फर्निचर

७. **विभिन्न समितिहरुको विवरण**

यस शहीद आदर्श क्याम्पस रामपुरका कार्यहरु सुव्यवस्थित रुपले सञ्चालन गर्नका लागि विभिन्न समितिहरु गठन गर्नुपर्ने भएको हुँदा शिक्षक तथा कर्मचारीहरु समावेश भएका तपशिल बमोजिमका समितिहरु गठन गरी कार्यहरु सुव्यवस्थित रुपले सञ्चालन भईरहेका छन् ।

**तपशिल**

१. अभ्यास शिक्षण समिति
२. परीक्षा समिति
३. पुस्तकालय समिति
४. अतिरिक्त क्रियाकलाप समिति
५. खेलकुद समिति

८. **पाठ्यक्रम व्यवस्थापन**

शहीद आदर्श क्याम्पस रामपुर त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पस भएको हुँदा सो विश्व विश्वविद्यालयले निर्धारण गरेको पाठ्यक्रम नै लागू हुन्छ । क्याम्पसले पाठ्यक्रम बनाउन सक्दैन । हाल यस क्याम्पसमा त्रि.वि. ले विभिन्न तह र संकायका लागि निर्धारण गरेको पाठ्यक्रम भित्र रहेर पठन पाठन कार्य सञ्चालित गर्ने गरिएको छ ।

९. **पुस्तकालयमा पुस्तक व्यवस्थापन**

यस शहीद आदर्श क्याम्पस रामपुरमा विद्यार्थी संख्याको आधारमा पुस्तक किनी पुस्तकहरुको व्यवस्था गर्न नसकिए पनि वर्षेनी पुस्तक किनी पुस्तकालयमा थप गर्ने गरिएको छ । साथै पुस्तकालयमा आवश्यक पर्ने फर्निचर तथा पुस्तक र्‍याकको व्यवस्था मिलाइएको छ । यस क्याम्पसको पुस्तकालयमा गत वर्षको पुस्तक संख्यामा थप गरी हाल ३७६० पुस्तक संख्या रहेका छन् ।

१०. **परीक्षा प्रणाली**

यस क्याम्पसको परीक्षा प्रणाली पनि त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय बल्खुले निर्धारण गरे बमोजिम हुन्छ । यस क्याम्पसमा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय बल्खुले तोकेको मिति र समयमा परीक्षार्थीहरु लिखित तथा Practical परीक्षामा सम्मिलित हुनुपर्छ । परीक्षा केन्द्र यसै क्याम्पसमा कायम गरिएको छ र परीक्षा सञ्चालन खर्च क्याम्पस स्वंमले व्यहोर्दै आएको छ। साथै परीक्षालाई मर्यादित रुपमा संचालन गर्न प्रत्येक कोठामा सि.सि क्यामरा जडान गरी क्याम्पसको अफिस कोठावाट अनुगमन र नियन्त्रण गर्ने गरिएको छ।

Campus Chief

Shahid Adarsh Campus
Affiliated to Tribhuvan University
Estd. 2059
Molung-2, Rampur, Okhaldhunga

## ११. संघ/संगठनहरु

यस क्याम्पसमा अध्यापन गराउने शिक्षकहरुको क्याम्पस इकाई समिति गठन गरिएको छ । त्यस्तै ने.वि.सं.घ., अ.ने.रा.स्व.वि.यु. र अ.ने.रा.स्व.वि.यु. क्रान्तिकारी विद्यार्थी संगठनहरुका शहीद आदर्श क्याम्पस इकाई समिति/कमिटी गठन भएका छन् । माथि उल्लेखित विद्यार्थीहरुको छाता संगठन स्वतन्त्र विद्यार्थी युनियको मिति २०७९ चैत्र ५ गते चुनाव भई स्वतन्त्र विद्यार्थी युनियन गठन भएको छ ।

## १२. भौतिक अवस्था

भारतिय राजदुतावास को आर्थीक सहयोगमा श्री.ब.उ.मा.वि रामपुरको नाममा रहेको जग्गा लिजमा लिएर क्याम्पसको नाममा १४ कोठे तिनतले पक्की भवन बनाईएको हुँदा कक्षाहरु सोही भवनमा सञ्चालन भईरहेको छ। १४ कोठा मध्येमा नै आवश्यक कक्षा कोठा, कार्यालय, पुस्तकालय, स्टाफ रुम आदिको व्यवस्था गरिएको छ । विद्यार्थी र स्टाफहरुको लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था गरिएको छ । पिउने पानी तथा शौचालयमा पानीको राम्रो व्यवस्था गरिएको छ । पाइपबाट पानी ल्याई २ वटा हिलटेक ट्याङकीमा जम्मा गरी शौचालयको धाराबाट पानीको व्यवस्था मिलाईएको छ। छात्रावास तथा शिक्षक कर्मचारी आवास गृहको व्यवस्था गरिएको छैन् ।

निर्माण गरिएको १४ कोठे तिन तल्ले पक्कि भवन २०७२ सालको बैशाख १२ र २९ गते गएको विनाशकारी महाभुकम्पका कारण क्षतीग्रर्स्त भएको हुदाँ उक्त क्षतिग्रस्त भवन मर्मतका लागि आ.व. ०७४/०७५मा रु ५०००००। र आ.व. ०७७/०७८ मा रु १००००००। मोलुङ गा.पा. वाट विनियोजित भई उपभोक्ता समिति मार्फत खर्च हुने गरी साधारण मर्मत संभार गरि हाल सोहि भवनमा सर्म्पुण कामकाज संचालन गर्ने गरीएको छ । साथै विश्व विद्यालय अनुदान आयोग वाट भवन निर्माणका लागि आ.व. २०७४/०७५मा यस क्याम्पसलाई रु.२५०००००।, आ.व. २०७५/०७६मा रु २५०००००।, आ.व.२०७७/०७८ मा रु ५००००००। र आ.व. २०७८/०७९ मा रु ५०००००० विनियोजित रकम खर्च गरी जम्मा रु १५००००००। (एक करोड पचास लाख) र क्याम्पसको आन्तरिक स्रोत वाट खर्च गरी क्याम्पसको आफ्नै नाममा रहेको जग्गामा १२ कोठे तिन तल्ले पक्कि भवन निर्माण कार्य सम्पन्न गरीएको छ । साथै आ.व. २०७९/०८० मा विश्वविद्यालय अनुदान आयोग वाट उपकरण खरिदका लागि रु ७५००००। विनियोजित रकम खर्च गरी उपकरण खरिद गर्ने प्रक्रिया अगाडि वडेको छ साथै क्याम्पसको घेराबाराको लागि कोशी प्रदेश सरकार वाट आ.व. २०७९/०८०मा विनियोजित रकम रु १५०००००।(पन्ध्र लाख) मोलुङ गा.पा. मार्फत उपभोक्ता समिति गठन गरी क्याम्पसको घेराबारा काम संपन्न गरिएको छ ।

आ.व. ०८०/०८१ मा कोशी प्रदेशको रु. ७०००००। बजेट अर्न्तगत क्याम्पसको कार्यालय कक्षमा फर्निचरको व्यवस्था गरिएको र यस आ.व.०८०/०८१ मा विश्व विद्यालय अनुदान आयोगवाट पुस्तकालय भवन निर्माणको लागि विनियोजित रकम रु. ५००००००। मध्ये पहिलो किस्ता वापत रकम रु. २५०००००। निकाशा भई भवन निमार्णको कार्य प्रक्रिया संचालन भई रहेको छ ।

### १२ .१. यस क्याम्पसको भौतिक पक्ष अन्तर्गत जिन्सी सामानहरुको विवरण तपशिल बमोजिम रहेको छ :

**तपशिल**

| क्र.स. | विवरण | सख्या | कैफियत |
|---|---|---|---|
| १ | जग्गा | ४– ६ –२ –० | |
| २ | पक्कि भवन | ३ | |
| ३ | पक्कि शौचालय | ३ | |
| ४ | डेस्क | १५६ | ४५ जीर्ण |
| ५ | वेच | १५६ | ४५ जीर्ण |
| ६ | दराज | १० | |
| ७ | प्लास्टिक कुर्सी | ६९ | ३०जीर्ण |
| ८ | काठको कुर्सी | ३१ | |
| ९ | फलामको कुर्सी | २० | |



Campus Chie

*Shahid Adarsh Campus* Affiliated to Tribhuvan University Estd.2059 Molung-2,Rampur,Okhaldhunga

| | | | |
|---|---|---|---|
| १० | कम्प्युटर सेट / ल्यापटप | १७ + ९ | |
| ११ | टेवल | १६ | |
| १२ | घण्टी | १ | |
| १३ | भित्ते घडी | १ | |
| १४ | स्टील कुर्सी | १९(तिन सीटे) | १० जिर्ण |
| १५ | चार्ज वक्स | २ | |
| १६ | गिलास | १२ | |
| १७ | जग | १ | जिर्ण |
| १८ | सोफा सेट | ३ | |
| १९ | ऱ्याक -पुस्तकालय | ३ | |
| २० | इनभटर | १ | |
| २१ | फिल्टर | २ | जिर्ण |
| २२ | Solar battery | १ | |
| २३ | टेवल पोस | १ | |
| २४ | प्लास्टीक वाल्टी | ४ | |
| २५ | सोलार प्यानल | २ | १जिर्ण |
| २६ | फोटो कपि मेसीन / प्रिन्टर | ३ | |
| २७ | हिल टयाङ्की | ३ | १जिर्ण |
| २८ | तौली | ३ | |
| २९ | क्याम्पस प्रमुखको छाप | ३ | |
| ३० | अध्यक्षको छाप | १ | |
| ३१ | स्टिज मेशनि | १ | |
| ३२ | पन्छीन | २ | |
| ३३ | नेम प्रेल्ट | १ | |
| ३४ | किताबहरु | ३७६० | |
| ३५ | सेतो पाटी | १२ | |
| ३६ | ताला साँचो | १४ | |
| ३७ | सुचना पाटि | २ | |
| ३८ | रुलर | २ | |
| ३९ | क्याम्पसको छाप | २ | |
| ४० | अभिलेख पाटी | ४ | |
| ४१ | पानी तताउने जग | २ | जिर्ण |
| ४२ | प्रोजेक्टर (इप्सन) | ३ | |
| ४३ | ह्रार्ड डिक्स | १ | |
| ४४ | पेन ड्रायभ (१६जी.वि.) | १६ | |
| ४५ | क्यामेरा सोनी | १ | |
| ४६ | स्टिल दराज | ३ | |
| ४७ | सि.सि.क्यामेरा | ७ | |
| ४८ | .मनिटर | १ | |
| ४९ | पानि तताउने कित्ली | १ | |

Campus Chie

Shahid Adarsh Campus Affiliated to Tribhuvan University Estd. 2055 Molung-2, Rampur, Okhaldhunga

## १३. प्रशासनिक संरचना

आर्थिक अनुशासन, पारदर्शिता, नैतिक अनुशासन र सबल नेतृत्व कुनै पनि संगठनको जगको रुपमा मानिन्छ । यी चार तत्वलाई चाँडो भन्दा चाँडो स्थापित गरी यस क्याम्पसको प्रशासन र व्यवस्थापन प्रणालीलाई २१ औं सताब्दीको एक आदर्श प्रणालीको रुपमा विकसित नगरी अगाडी बढ्न सकिन्न भन्ने ठहर गरिएको छ । कुनै पनि सामुदायिक संस्थाको सफलता र साख मापन गर्ने मुख्य परिसूचक भनेको आर्थिक अनुशासन नै हो भन्ने कुरालाई मनन् गर्दै क्याम्पसको विधानमा व्यवस्था भए बमोजिम आर्थिक प्रशासनले कार्य गर्ने प्रबन्ध मिलाईएको छ । क्याम्पस संचालक समितिले संयोजक श्री बावुराम दाहाल, सदस्य श्री दाताराम लुइटेल र सदस्य श्री गोपाल नेपाल रहेको आन्तरिक लेखा परिक्षण समिति गठन गरी सो समितिलाई आ.व. २०७९/०८० को आय व्यय विवरणको सामाजिक लेखा परीक्षण गर्न अनुमति प्रदान गऱ्यो । उक्त समितिले आर्थिक प्रतिवेदन तयार गरी यस क्याम्पसमा बुझाए पछि म.ले.प. का लागि नियुक्त लेखा परीक्षकद्वारा आ.ले.प.को आर्थिक प्रतिवेदनलाई आधार बनाएर म.ले.प. को प्रतिवेदन तयार गरी क्याम्पसमा पेश गरियो । आ.व. २०७९/०८०मा यस क्याम्पसमा क्याम्पस संचालक समितिको बैठक १७ पटक बस्यो ।

यस क्याम्पसको निर्धारित लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नका लागि विभिन्न काम, कर्तव्यहरु सुव्यवस्थित रुपले सञ्चालन गर्न तपशिल बमोजिमका शाखाहरु क्याम्पसमा रहेका छन् ।

**क. प्रशासन शाखा**

**ख. परीक्षा शाखा**

**ग. लेखा शाखा**

**घ. पुस्तकालय शाखा**

क्याम्पसको समग्र स्थिति एवं परिस्थिति परिवर्तन गर्नुपर्ने एउटा चुनौती पार गरी सो परिवर्तनलाई संस्थागत गर्नुपर्ने अर्को चुनौति तर्फ उन्मुख भईरहेको यस महत्वपूर्ण घडीमा क्याम्पसले आर्थिक वार्षिक २०७९/०८० को वार्षिक प्रतिवेदन तयार गरेको छ । सामुदायिक संघसंस्था चाहे त्यो शैक्षिक होस् वा अन्य प्रकृतिको आर्थिक अनुशासन र पारदर्शिता नै यसको मुख्य जग हो भन्ने तथ्यलाई आत्मसात् गर्दै क्याम्पसले यो वार्षिक प्रतिवेदन २०७८/०७९तयार गरी सोही प्रतिवेदनमा प्रतिवद्धता व्यक्त गरे बमोजिम प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गर्ने कुरामा कुनै दुईमत रहेको छैन । यस क्याम्पसमा २०७९ साल माघ २९ गते क्याम्पसको साधारण सभा वसी क्याम्पस संचालक समितिको गठन प्रक्रिया अगाडि वडाइ मिति २०८०/०३/०४ गते क्याम्पस संचालक समितिको गठनले पुर्णता प्राप्त गऱ्यो । अत यस वार्षिक प्रतिवेदन तयार पार्न महत्वपूर्ण भूमिका खेल्नुहुने संचालक समितिका पदाधिकारी तथा सदस्यहरु, सम्पूर्ण शिक्षक तथा कर्मचारीहरु धन्यवादका पात्र भएका छन् ।

## १४. आर्थिक पक्ष

शहीद आदर्श क्याम्पस रामपुर वि.सं. २०५९ सालमा त्रि.वि. बाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसको रुपमा सञ्चालित क्याम्पस हो । यस क्याम्पसको आर्थिक पक्ष ऐतिहासिक रुपमा नै चुनौतिपूर्ण रहेको छ । Public क्याम्पस भएकोले सहकारी अनुदान यस क्याम्पसले प्राप्त गर्न सकेको छैन । फलस्वरुप यस क्याम्पससँग प्रत्यक्ष रुपमा गाँसिएका संचालक समितिका पदाधिकारी, क्याम्पस प्रमुख, शिक्षक एवं कर्मचारीहरुले विगतमा र हालसम्म पनि कुनै न कुनै रुपमा क्याम्पसका लागि महत्वपूर्ण योगदान गरेको अवस्था विद्यमान रहेको छ र यस्तो अवस्था भविष्यको केही वर्षहरु सम्म रहने निश्चित प्राय छ । यद्यपी बदलिदो वर्तमान परिप्रेक्षमा आगामी केही वर्षभित्रै यो परिस्थितिको अन्त्य हुनुपर्छ र हुन सक्छ भन्ने ठहर रहेको छ ।

Shahid Adarsh Campus Affiliated to Tribhuvan University Estd.2059 Molung-2, Rampur, Okhaldhunga

Campus Chief

क्याम्पसको आर्थिक अवस्थाको सम्बन्धमा विगतका वर्षहरुको विश्लेषण गरेर हेर्दा अन्तरनिहित वास्तविक आर्थिक पक्ष कमजोर रहेको र यसलाई सबल बनाउन प्रभाव पार्ने तत्व विद्यार्थीको संख्या रहेको छ । यो निष्कर्ष नै सबैभन्दा महत्वपूर्ण निष्कर्ष हो र सोही तथ्यलाई आत्मसात गरी क्याम्पसका सम्पूर्ण क्रियाकलापहरु क्रियासिल रहनु पर्दछ भन्ने मान्यता राखिएको छ ।

कुनै पनि संस्थागत विकासका लागि आर्थिक पक्ष सबल हुनु जरुरी पर्दछ । नियमित र भरपर्दो आर्थिक स्रोत भएमा मात्र कुनै पनि कार्यक्रम सञ्चालन गर्न सहज हुन्छ । यस क्याम्पसको आर्थिक पक्ष कमजोर रहेको छ । विद्यार्थी शुल्क नै यसको स्थायी आयस्रोत भएकाले विद्यार्थीसंख्या बढाउन गुणस्तरीय शिक्षणका अतिरिक्त विद्यार्थी कल्याणका लागि आवश्यक कार्यक्रमहरु ल्याउन कन्जुस्याई गरिएको छैन । विश्वविद्यालय अनुदान आयोगबाट यस क्याम्पसलाई उपलब्ध गराइएको नियमित अनुदान र आन्तरिक आम्दानीबाट न्यून तलबभत्तामा शिक्षक कर्मचारीहरुको व्यवस्था गरिएको छ । पारदर्शिताका साथ साथै सबै क्षेत्रको विश्वास आर्जन गरी यस क्याम्पसलाई सहयोग गर्ने वातावरण तयार गरिएको छ ।

**१४.१. आर्थिक क्षेत्र अर्न्तगत यस क्याम्पसको वर्तमान शुल्कको संरचना यस प्रकार रहेको छ :**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | मासिक पढाइ शुल्क | रु.५००।– |
| २ | प्रवेश शुल्क | रु.७००।– |
| ३. | पुस्तकालय शुल्क | रु.४००।– |
| ४. | पुस्तकालय धरौटी शुल्क | रु.४५०।– |
| ५. | परिचयपत्र शुल्क | रु.१००।– |
| ६. | खेलकुद शुल्क | रु.५०।– |
| ७. | स्ववियु शुल्क | रु.१००।– |
| ८. | गरिब विद्यार्थी सहायता शुल्क | रु.१२५।– |
| ९. | केन्द्र शुल्क | रु.७५०।– |
| १० | प्रयोगात्मक परीक्षा शुल्क | रु.५००।– |

**१४.२. आ.व. २०७९/०८०मा विद्यार्थी शुल्कको अतिरिक्त क्याम्पसको नियमित आम्दानी एवं अन्य आम्दानीका स्रोतहरु यस प्रकार रहेको छ**

**१. विश्वविद्यालय अनुदान आयोग**

**२ गाउँ पालिका अनुदान**

**३. बैंक ब्याज**

**४. कोशी प्रदेश सरकार वाट प्राप्त अनुदान**

**५. अन्य**

Campus Chi

Shahid Adarsh Campus Affiliated to Tribhuvan University Estd.2059 Molung-2,Rampur,Okhaldhunga

१४.३. यस क्याम्पसको २०८१/०८२ को अनुमानित आय–व्यय विवरण तपशिल बमोजिम रहेको छ ।

| क.स. | आय विवरण | रकम | क.स. | व्यय विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विभिन्न शुल्क वाट | २८००००० | १. | शिक्षक तथा कर्मचारी तलव भत्ता | ३२००००० | |
| २ | क. विश्वविद्यालय अनुदान आयोग नियमित<br>ख. विश्व विद्यालय अनुदान आयोग ECA कार्यकम<br>ग) समतामा आधारित अनुदान | १५०००००<br>५००००००<br>१०५०००० | २. | परीक्षा आवेदन तथा रजिष्ट्रेशन | ५००००० | |
| ३ | गा.पा.अनुदान | ४००००० | ३ | परीक्षा संचालन खर्च | ५००००० | |
| ४ | वैक व्याज | १६०००० | ४ | पुस्तक खरीद | १००००० | |
| ५ | प्रमाण पत्र शुल्क | ६०००० | ५. | फर्निचर निर्माण तथा मर्मत | ५००००० | |
| ६ | हल भाडा | १०००० | ६ | लाइब्रोरी भवन निर्माण | ५०००००० | |
| ७ | मोलुङ गा.पा.मार्फत कोशी प्रदेश सरकार वाट अनुदान | ४५०००० | ७ | कर | १५०००० | |
| ८ | विभिन्न संघ सस्थावाट | १००००० | ८. | विद्युत खर्च | ५०००० | |
| ९ | विविध | ६०००० | ९ | लेखा परीक्षण खर्च | ३८००० | |
| | | | १० | त्रि.वि. सेवा शुल्क | २००००० | |
| | | | ११ | सुचना तथा संचार | ४५००० | |
| | | | १२ | मिटिङ्ग सेमिनार तथा गोष्टी | २१०००० | |
| | | | १३ | मसलन्द खर्च | ६०००० | |
| | | | १४ | छपाई खर्च | १०००० | |
| | | | १५ | अतिथि सत्कार | ८०००० | |
| | | | १६ | भ्रमण खर्च | ९५००० | |
| | | | १७ | छात्रावृत्ति वितरण | १३०००० | |
| | | | १८ | समतामा आधारित कार्यक्रम संचालन खर्च | ४००००० | |
| | | | १९ | Extending Digitalization of Higher Education (UGC Grants) | १५००००० | |
| | | | २० | विविध | ८०००० | |
| | जम्मा | ११५९००००.०० | | जम्मा | १२८४८०००.०० | |

Campus Chief

Shahid Adarsh Campus, Affiliated to Tribhuvan University, Molung-2, Rampur, Okhaldhunga

आर्थिक वर्ष २०७७/०७८, २०७८/०७९,०७९/०८० र ०८०/०८१ को वास्तविक आम्दानी तथा खर्चको विवरण अडिट रिर्पोट अनुसार रहेकोछ ।

क. आर्थिक वर्ष २०७७/०७८को वास्तविक आम्दानी तथा खर्च विवरण निम्नानुसार रहेकोछ ।

**Shahid Adarsha Campus**
Molung-2 Rampur, Okhaldhunga
**Income & Expenditure Statement**
For the period of 2077.04.01 to 2078.03.31

| Income | Sch | 2077/078 | 2076/077 |
|---|---|---|---|
| **Income** | 6 | | |
| **Donation Received** | | 3,466,150.00 | 3,786,150.00 |
| Project Donation From U.G.C | | 2,500,000.00 | 2,500,000.00 |
| Regular Donation From U.G.C | | 966,150.00 | 786,150.00 |
| Molung Rural Municipality | | - | - |
| Education Development Directorate | | - | 500,000.00 |
| **Other Income** | | | |
| Rent Income ( Hall)/(land) | | 9,500.00 | - |
| Certificate Fee | | 28,500.00 | 24,000.00 |
| Interest Income | | 210,547.62 | 225,382.80 |
| Practice Teaching Fees | | - | 1,500.00 |
| Fees and Other Income Received | | 1,244,565.00 | 2,125,550.00 |
| | | 1,493,112.62 | 2,376,432.80 |
| **Total Income** | | 4,959,262.62 | 6,162,582.80 |
| **Expenses** | | | |
| **Administrative Expenses** | 7 | 3,410,122.96 | 3,659,410.00 |
| **Depreciation** | 2 | 1,251,236.10 | 1,322,891.00 |
| **Total Expenses** | | 4,661,359.06 | 4,982,301.00 |
| | | | |
| **Excess of Income over expenditure /Surplus** | | 297,903.56 | 1,180,281.80 |

Thir Parshad Dahal
Accountant

Dulahari Dahal
Campus Chief

Pushpa Raj Dahal
Chairman

Registered Auditor

Campus Chie

## Shahid Adarsha Campus

Molung-2 Rampur, Okhaldhunga

**Expenditure Details 2077/078**

Sch-7

| Particulars | 2077/078 | 2076/077 |
|---|---|---|
| **Revenue Expenditure** | | |
| Staff Salary Expenses | 2,574,366.96 | 2,530,160.00 |
| Exam Expenses | 317,545.00 | 194,665.00 |
| Stationary and Printing Expenses | 48,080.00 | 38,610.00 |
| Scholorship Expenses | - | 66,000.00 |
| Miscellaneous Expenses | 29,650.00 | 45,340.00 |
| Social and Statutory Audit fee | 35,470.00 | 30,470.00 |
| Electricity Expenses | 18,874.00 | 12,030.00 |
| Travelling Expenses | 60,190.00 | 116,700.00 |
| Exam Registration,TU Service fee & Application Expenses | 243,655.00 | 496.655.00 |
| Telecommunication & Internet Expenses | 51,292.00 | 38,000.00 |
| Conveyance | - | 5,000.00 |
| TU Renewal Service Charge | 31,000.00 | - |
| Consumables | - | 85,780.00 |
| **Total** | **3,410,122.96** | **3,659,410.00** |

**Capital Expenditure**

| Particulars | 2077/078 | 2076/077 |
|---|---|---|
| Office Equipment | 74,500.00 | |
| Furniture | 68,850.00 | 2,527,350.00 |
| Book Purchase | 135,946.00 | 34,156.00 |
| **Total** | **204,796.00** | **2,561,506.00** |

Thir Parshad Dahal
Accountant

Dulahari Dahal
Campus Chief

Pushpa Raj Dahal
Chairman

Registered Auditor

आ.व.२०७७/०७८ को आय व्यय विवरण अनुसार यस क्याम्पसको जम्मा आम्दानि रु. ४९५९२६२.६२ मध्ये विश्व विद्यालय अनुदान आयोग वाट प्रोजेक्ट अनुदान रु २५००००० र नियमित अनुदान रु. ९६६१५० गरि जम्मा रु. ३४६६१५० र अन्य शिर्षक गरि जम्मा रु. १४९३११२.६२ रहेको छ। जस मध्ये शिक्षक, कर्मचारी तलब भत्ता रु. २५७४३६६.९६,स्टेश्नरी तथा प्रिन्टिङमा रु. ४८०८०, परीक्षामा रु. ३१७५४५ र अन्य खर्च रु. ६७४९२७ गरि जम्मा खर्च रु. ३६१४९१८.९६ रहेको थियो। यस आ.व.को आय व्ययलाई हेर्दा रु. १३४४३४३.६६ आम्दानी भवन निर्माण कार्यको खर्च नभएकोले देखिन्छ। ***विभिन्न आ.व.को घाटा आर्थीक वर्ष २०७४/७५मा भएको अल्या रकमवाट पूर्ति हुदै आएको छ।***

Campus Chief

ख. आर्थिक वर्ष २०७८/०७९को  वास्तविक आम्दानी तथा खर्च विवरण निम्नानुसार रहेकोछ ।

## Shahid Adarsha Campus

Molung-2 Rampur, Okhaldhunga

For the Year 2078/2079

Sch-6

Income Details

| Particulars | 2078/079 | 2077/078 |
|---|---|---|
| | 6,485,000.00 | 3,466,150.00 |
| **Donation Received** | | |
| 1.Project Donation From U.G.C | 5,000,000.00 | 2,500,000.00 |
| 2. Regular Donation From U.G.C | 1,485,000.00 | 966,150.00 |
| 4.Molung Rural Municipality | - | - |
| 5.Education Development Directorate | - | - |
| | | |
| **Other Income** | | |
| Rent Income ( Hall)/(land) | 6,500.00 | 9,500.00 |
| Certificate Fee | 73,500.00 | 28,500.00 |
| Interest Income | 263,036.28 | 210,547.62 |
| Fees and Other Income Received | 2,829,200.00 | 1,244,565.00 |
| | 3,172,236.28 | 1,493,112.62 |
| **Grand Total** | 9,657,236.28 | 4,959,262.62 |

Thir Prasad Dahal
Accountant

Dula Hari Dahal
Campus Chief

Pushpa Raj Dahal
Chairman

Shahid Adarsh Campus
Affiliated to Tribhuvan University
Estd.2059
Molung-2, Rampur, Okhaldhunga

Registered Auditor

Shahid Adarsh Campus
Affiliated to Tribhuvan University
Estd.2059
Molung-2,Rampur,Okhaldhunga

Campus Chief

## Shahid Adarsha Campus

Molung-2 Rampur, Okhaldhunga

Expenditure Details 2078/079 — Sch-7

| Particulars | 2078/079 | 2077/078 |
|---|---|---|
| **Revenue Expenditure** | | |
| Staff Salary Expenses | 2,561,000.00 | 2,574,366.96 |
| Exam Expenses | 415,340.00 | 317,545.00 |
| Stationary and Printing Expenses | 50,960.00 | 48,080.00 |
| Scholorship Expenses | 64,000.00 | - |
| Miscellaneous Expenses | 73,530.00 | 29,650.00 |
| Social and Statutory Audit fee | 31,600.00 | 35,470.00 |
| Electricity Expenses | 20,968.15 | 18,874.00 |
| Travelling Expenses | 54,900.00 | 60,190.00 |
| Exam Registration,TU Service fee & Application Expenses | 443,230.00 | 243,655.00 |
| Telecommunication & Internet Expenses | 28,000.00 | 51,292.00 |
| Registration And Renewal Expenses | 27,414.00 | - |
| TU Renewal Service Charge | - | 31,000.00 |
| Consumables | - | - |
| **Total** | **3,770,942.15** | **3,410,122.96** |

**Capital Expenditure**

| Particulars | 2078/079 | 2077/078 |
|---|---|---|
| Office Equipment | 13,590.00 | 74,500.00 |
| Furniture | - | 68,850.00 |
| Building | 5,107,806.85 | |
| Book Purchase | 1,840.00 | 135,946.00 |
| **Total** | **5,123,236.85** | **279,296.00** |

Thir Prasad Dahal
Accountant

Dula Hari Dahal
Campus Chief

Pushpa Raj Dahal
Chairman

Shahid Adarsh Campus, Affiliated to Tribhuvan University, Estd. 2059, Molung-2, Rampur, Okhaldhunga

Registered Auditor

आ.व.२०७८/०७९ को आय व्यय विवरण अनुसार यस क्याम्पसको जम्मा आम्दानि रु. ९६५७२३६.२८ मध्ये विश्वविद्यालय अनुदान आयोग वाट प्रोजेक्ट अनुदान रु ५००००००  र नियमित अनुदान रु. १४८५०००। गरि जम्मा रु. ६४८५०००। र अन्य शिर्षक गरि जम्मा रु. ३१७२२३६.२८ रहेको छ। जस मध्ये शिक्षक, कर्मचारी तलब भत्ता रु. २५६१०००,स्टेशनरी तथा प्रन्टिङमा रु. ५०९६०, परीक्षामा रु. ४१५३४० ,भवन निर्माणमा रु ५१०७८०६.८५ र अन्य खर्च रु. ७५९०७२.१५ गरि जम्मा खर्च रु. ८८९४१७९ रहेको देखियो । यस आ.व.को आय व्ययलाई हेर्दा रु. ७६३०५७.२८ बचत भएकोले देखिन्छ ।

Campus Chief

Shahid Adarsh Campus, Affiliated to Tribhuvan University, Estd.2059, Molung-2,Rampur,Okhaldhunga

ग. आर्थिक वर्ष २०७९/०८० को वास्तविक आम्दानी तथा खर्च विवरण निम्नानुसार रहेकोछ ।

## Shahid Adarsha Campus

Molung-2 Rampur, Okhaldhunga

For the Year 2079/2080

### Income Details

Sch-6

| Particulars | 2079/080 | 2078/079 |
|---|---|---|
| **Grants Received** | **5,933,000.00** | **6,485,000.00** |
| 1.Building Construction GrantsFrom U.G.C | 2,500,000.00 | 5,000,000.00 |
| 2. Regular Donation From U.G.C | 1,883,000.00 | 1,485,000.00 |
| 3.Equipment Purchase Grant From U.G.C | 750,000.00 | - |
| 4.Equity Grant From U.G.C | 800,000.00 | - |
| | | |
| **Other Income** | | |
| Certificate Fee | 45,000.00 | 73,500.00 |
| Interest Income | 252,785.10 | 263,036.28 |
| Fees and Other Income Received | 2,048,940.00 | 2,829,200.00 |
| Other Income | 75,800.00 | 6,500.00 |
| | **2,422,525.10** | **3,172,236.28** |
| **Grand Total** | **8,355,525.10** | **9,657,236.28** |

## Shahid Adarsha Campus

Molung-2 Rampur, Okhaldhunga

### Expenditure Details 2079/080

Sch-7

| Particulars | 2079/080 | 2078/079 |
|---|---|---|
| **Revenue Expenditure** | | |
| Staff Salary Expenses | 2,541,750.00 | 2,561,000.00 |
| Exam Expenses | 287,013.20 | 415,340.00 |
| Stationary and Printing Expenses | 83,699.00 | 50,960.00 |
| Scholorship Expenses | - | 64,000.00 |
| Miscellaneous Expenses | - | 73,530.00 |
| Social and Statutory Audit fee | 31,800.00 | 31,600.00 |
| Electricity Expenses | 36,493.00 | 20,968.15 |
| Travelling Expenses | 132,870.00 | 54,900.00 |
| Exam Registration And Application Expenses | 235,295.00 | 443,230.00 |
| Telecommunication & Internet Expenses | 44,235.00 | 28,000.00 |
| Registration And Renewal Expenses | - | 27,414.00 |
| TU Renewal Service Charge | 40,750.00 | - |
| Consumables | 63,650.00 | - |
| Guest Welfare Expenses | 29,510.00 | |
| Tender Evaluation Expenses | 45,000.00 | |
| **Total** | **3,572,065.20** | **3,770,942.15** |

**Capital Expenditure**

| Particulars | 2079/080 | 2078/079 |
|---|---|---|
| Office Equipment | - | 13,590.00 |
| Furniture | - | - |
| Building | 5,109,153.99 | 5,107,806.85 |
| Book Purchase | 20,290.00 | 1,840.00 |
| **Total** | **5,158,953.99** | **5,123,236.85** |



Campus Chief

Shahid Adarsh Campus Affiliated to Tribhuvan University Estd.2059 Molung-2,Rampur,Okhaldhunga

आ.व.२०७९/०८० को आय व्यय विवरण अनुसार यस क्याम्पसको जम्मा आम्दानि रु. ८३५५५२५.१० मध्ये विश्वविद्यालय अनुदान आयोग  अर्न्तगत जम्मा रु ५९३३००० रहेको छ जस मध्ये २५००००० भवन निमार्णमा अनुदान १८८३००० नियमित अनुदान ७५०००० उपकरण खरिद ८००००० समातामा आधारित अनुदान रहेको छ । यसमा शिक्षक, कर्मचारी तलब भत्ता रु. २५४१७५०,स्टेशनरी तथा प्रन्टिङमा रु.८३६९९, परीक्षामा रु. ५२२३०८.२, भवन निर्माणमा रु ५१०९१५३.९९ र अन्य खर्च रु. ४४४५९७ गरि जम्मा खर्च रु. ८७३१०१९.१९ रहेको देखियो । यस आ.व.को आय व्ययलाई हेर्दा रु. ३४५९८४.०९ घाटा भएकोले देखिन्छ ।

Campus Chief

Shahid Adarsh Campus
Affiliated to Tribhuvan University
Estd.2056
Molung-2, Rampur, Okhaldhunga

घ. आर्थिक वर्ष २०८०/०८१ को  वास्तविक आम्दानी तथा खर्च विवरण निम्नानुसार रहेकोछ ।

## Shahid Adarsha Campus

Molung-2, Rampur, Okhaldhunga

For the Year 2080-81

Income Details — Schedule -6

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| **Grants Received** | **4,796,352.00** | **5,933,000.00** |
| Building Construction Grants From U.G.C. | 2,500,000.00 | 2,500,000.00 |
| Regular Donation From U.G.C. | 1,522,000.00 | 1,883,000.00 |
| Equipment Purchase Grant From U.G.C | - | 750,000.00 |
| Equity Grant From U.G.C | 114,500.00 | 800,000.00 |
| Other Grant From Province | 659,852.00 | |
| **Other Income** | **2,412,381.63** | **2,422,525.10** |
| Certificate Fee | 36,000.00 | 45,000.00 |
| Interest Income | 220,816.63 | 252,785.10 |
| Fee & Other Income Received | 2,152,565.00 | 2,048,940.00 |
| Other Income | 3,000.00 | 75,800.00 |
| **Grand Total** | **7,208,733.63** | **8,355,525.10** |

## Shahid Adarsha Campus

Molung-2, Rampur, Okhaldhunga

Expenditure Details 2080-81 — Schedule -7

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| Revenue Expenditure | | |
| [illegible] Audit Fee | 34,000.00 | 31,800.00 |
| [illegible] Expenses | 2,475,884.00 | 2,541,750.00 |
| [illegible] | 591,315.00 | 287,013.20 |
| [illegible] & Printing Expenses | 56,492.50 | 83,699.00 |
| [illegible] Expenses | 52,000.00 | - |
| [illegible] Expenses | 31,330.00 | 36,493.00 |
| [illegible] Conveyance Expenses | 31,500.00 | - |
| [illegible] Expenses | 55,046.00 | 132,670.00 |
| Exam Registration & Application Expenses | 264,235.00 | 235,295.00 |
| [illegible] Communication & Internet Expenses | 50,000.00 | 44,235.00 |
| Training & Seminar Exp - UGC Equity Grant Programme | 252,000.00 | - |
| Registration & Renewal Expenses | 27,000.00 | - |
| TU Renewal Service Charge | 87,750.00 | 40,750.00 |
| Consumables | - | 63,650.00 |
| Guest Welfare Expenses | 68,610.00 | 29,510.00 |
| Tender Evaluation Expenses | - | 45,500.00 |
| **Total** | **4,177,372.50** | **3,572,065.20** |

Capital Expenditure

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| Furniture | 337,046.90 | - |
| Building | 794,766.15 | 5,109,153.99 |
| Book Purchase | 2,730.00 | 20,290.00 |
| ICT | 750,000.00 | - |
| **Total** | **1,884,043.05** | **5,129,443.99** |

Shahid Adarsh Campus, Affiliated to Tribhuvan University, Molung-2, Rampur, Okhaldhunga

Campus Chief

आ.व. २०८०/०८१ को आय, व्याय विवरण अनुसार यस क्यम्पसको जम्मा आम्दानी ७२०८७३३.६३ मध्य विश्व विद्यालय अनुदान आयोग वाट हुन आएको आम्दानी रु. ४१३६५०० मध्य रु. २५००००० भवन निमार्ण, रु. १५२२००० नियमित अनुदान र रु. ११४५०० समतामा आधारित अनुदान रहेको छ। अन्य आम्दानी कोशी प्रदेश सरकार वाट रु. ६५९८५२.०० र क्याम्पसको आन्तरिक शुल्क, प्रमाण पत्र शुल्क र बैंक व्याज वाट गरि जम्मा रु. २४१२३८१.६३ रहेको छ। यसमा पुजीगत तर्फ रु. १८८४०४३.०५ र चालु तर्फ रु. ४१७७३७२.५० गरी जम्मा ६०६११४१५.५५ खर्च भएको देखियो। यस वर्षको आय व्यायलाई हेर्दा ११४७३१८.०८ नाफाभएको देखिन्छ।

*Shahid Adarsh Campus*
Affiliated to Tribhuvan University
Esta. 2059
Molung-2,Rampur,Ol...dhunga

Campus Chief

## १५. विद्यार्थी कल्याण कार्यक्रम

दोश्रो उच्च शिक्षा परियोजनाको Scheme 'D' का लागि क्याम्पस छनौटमा परी परियोजनको काम सम्पन्न भईसकेको हुँदा विश्वविद्यालय अनुदान आयोगबाट क्याम्पसमा प्राप्त Performance Grants को रकम मध्ये २० प्रतिशत छात्रवृत्तिमा खर्च गर्नुपर्ने भएको हुँदा रु. ५,१७,०००।– NIMB बैंक ओखलढुङ्गा शाखामा मुद्दती खाता खोली Deposit गरिएको छ र त्यसबाट आएको व्याज तथा क्याम्पसको अन्य आम्दानीबाट प्रत्येक वर्ष छात्रवृत्ति स्वरुप वितरण गर्ने गरिएको छ

## १६. संस्थाको सबल पक्ष,सुधार गर्नु पर्ने पक्ष, चुनौती र संभावनाहरु

### क. संस्थाको सबल पक्ष

१. क्याम्पसको नाममा जग्गा र सोहि जग्गमा भवन निर्माण भइरहेको ।
२. शौचालय र खानेपानीको राम्रो व्यवस्था हुनु ।
३. स्वच्छ, स्वास्थ्य र रमणिय वातावरण हुनु ।
४. यातायातको सुविधा हुनु ।
५. अध्ययन/अध्यापनका लागि प्रदूषण मुक्त वातावरण हुनु ।
६. दक्ष र अनुभवी शिक्षक तथा कर्मचारी हुनु ।
७. इलाका स्वास्थ्य चौकी भएकाले स्वास्थ्य उपचारको राम्रो व्यवस्था हुनु ।
८. इन्टरनेटको पहुँच र विजुलीको स्यायी स्रोत हुनु ।
९. गुणस्तरीय शिक्षाको लागि अध्ययपन गराउँदा ICT को प्रयोग हुनु ।
१०. हरेक कक्षा कोठामा सि.सि.टि.भि. को व्यवस्था ।

### ख. संस्थाको सुधार गर्नु पर्ने पक्ष

१. विद्यार्थीहरु नियमित उपस्थित हुन व्यवस्था गर्नु पर्ने ।
२. छात्रबास, शिक्षक, कर्मचारी आवास गृहको व्यवस्था हुनु पर्ने ।
३. पुस्तक तथा शैक्षिक सामाग्रीको पर्याप्त व्यवस्था गर्नु पर्ने ।
४. गरीब तथा न्युन आयआर्जन एका विद्यार्थीहरुलाई प्रोत्साहित गर्नु पर्ने ।
५. समय सापेक्ष विषय थप गर्न र Program Upgrade को व्यवस्था गर्नु पर्ने।
६. शिक्षक, कर्मचारीलाई समय अनुकुल तालिमको व्यवस्था हुनु पर्नेम।
७. पूर्णकालिन शिक्षक तथा कर्मचारी हुनु पर्ने ।
८. थप आम्दानीका स्रोत खोजि गर्नु पर्ने ।

### ग. संस्थाका चुनौतिहरु :

→ सरोकारवालाहरुलाइ संस्था प्रति आकर्षित गर्न नसक्नु ।
→ आर्थिक स्रोत व्यवस्थापन गर्न ।
→ गुणस्तरीय शिक्षाका सर्तहरु परिपालन गर्न ।
→ क्याम्पसलाई आत्मनिर्भर बनाउन ।
→ जिल्लामा सबैतिर शिक्षा शास्त्र संकाय अन्तर्गतका क्याम्पसहरुको संख्यामा बृद्धि भएकाले विद्यार्थी भर्नादर बढाउन ।
→ आर्थिक अभावका कारण पूर्णकालिन शिक्षक तथा कर्मचारीको व्यवस्था गर्न ।
→ क्याम्पसलाई बहुमुखिकरण र स्तर वृद्धि गर्न नसक्नु ।

Shahid Adarsh Campus Affiliated to Tribhuvan University Estd. 2056 Molung-2, Rampur, Okhaldhunga

Campus Chie

घ. **सम्भावनाहरु :**

- → गुणस्तरीय शिक्षा प्रदान गरी विद्यार्थीहरुलाई आर्कषित गर्ने ।
- → प्रदेश सरकार, स्थानिय सरकार, जि.स.स., विश्वविद्यालय अनुदान आयोग, शिक्षा मन्त्रालय लगायत अन्य दातृ निकायहरुसँग आर्थिक सहयोग माग गर्ने ।
- → दक्ष जनशक्तिको व्यवस्था गरी क्याम्पसमा ICTको उच्चतम प्रयोग गर्ने ।
- → कक्षा संख्या वृद्धिसँगै विषयगत शिक्षक संख्या थप गर्ने ।
- → प्राथमिकताको आधारमा मात्र खर्च गरी बचत गर्ने ।
- → समय सापेक्ष रुपमा विद्यार्थी शुल्कमा पुनमुल्याङ्कन गर्ने ।
- → आर्थिक पारदर्शिता कायम गर्ने ।
- → शिक्षक तथा कर्मचारीहरुको लागि तालिम, गोष्ठी तथा सेमिनारको व्यवस्था गर्ने ।
- → सरोकारवालहरुसँग समन्वय र समझदारी कायम गर्ने ।

**१७. भावी योजनाहरु :**

१. योग्य दक्ष पूर्णकालिन शिक्षक तथा कर्मचारीहरुको व्यवस्था गर्ने ।
२. समय सापेक्ष विषय थप गर्न र Program Upgrade गर्न आवश्यक पर्ने बजेटको व्यवस्था गर्ने ।
३. गा.पा. तथा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थासँग क्याम्पसको हितमा आर्थिक संकलनका लागि सहयोग माग गर्ने ।
४. खेलकुदका पुर्वधारहरु तथा शैक्षिक सामाग्रीको यथोचित व्यवस्था गर्ने ।
५. पुस्तकालयमा पर्याप्त मात्रमा पुस्तकहरुको व्यवस्था मिलाउने ।
६. शिक्षक तथा कर्मचारीहरुलाई संस्थाको मूल्य मान्यता प्रति समर्पित बफादार र जवाफदेही बनाई परिचालन गर्ने ।
७. आन्तरिक तथा बाह्य स्रोत साधनहरुको पहिचान परिचालन विकास र विस्तार गर्दै सक्षम संस्थाको रुपमा स्थापित गर्ने ।
८. यस क्याम्पसको दिर्घकालिन समृद्धिको लागि सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै संस्था प्रति अपनत्वको भावना जागृत गराउने ।
९. विद्यार्थी भर्नादर बढाउन र क्याम्पसमा उनीहरुको नियमित उपस्थितिको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
१०. भइरहेका शिक्षक तथा कर्मचारीहरुको संख्यामा थप गर्दै लैजाने ।
११. शिक्षकलाई आवश्यक तालिमको व्यवस्था मिलाउने ।
१२. क्याम्पसलाई बहुमुखीकरण तर्फ उन्मुख गराउने ।
१३. क्याम्पसको आफ्नै नाममा रहेको जग्गामा भवन निर्माणका लागि पहल गर्ने ।
१४. भौतिक साधन र स्रोतहरुको खोजी गर्दै वा जुटाई गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
१५. क्याम्पसलाई बहुमखिकरण र स्तर वृद्धि गराउने ।
१६. क्याम्पसमा E-library संचालन गर्ने ।
१७. क्याम्पसलाई Degitilization गर्न Web Site को निर्माण गर्ने ।
१८. विद्यार्थीहरुको सुविधाकोलागि मासिक शुल्क Online Payment को माध्यमवाट वुझाउन मिल्ने वनाउने ।

Shahid Adarsh Campus Affiliated to Tribhuvan University Molung-2, Rampur, Okhaldhunga Estd. 2059

**शहीद आदर्श क्याम्पस**
मोलुङ २, रामपुर, ओखलढुङ्गा

Campus Chief